
*Dhaulagiri Journal of Contemporary Issues* *Vol. 4, Issue 1* 2026 pp. 141-156

Publisher: RMC Dhawalagiri Multiple Campus, Baglung ISSN: 2990-7993(P)




**Article information**

Received: 16 March 2026
Reviewed: 20 March to 16 April 2026
Revised 7 April to 1 June 2026
Accepted: 6 June 2026
Published: 8 July 2026
DOI: https://doi.org/10.3126/djci.v4i1.96639
Available: https://dmcjournal.edu.np/index.php/DWJCI

# नेपालको राजनीतिक तथा सामाजिक रूपान्तरणमा समावेशी लोकतन्त्रका चुनौतीहरू

**गोविन्दराज गौतम**
धवलागिरी बहुमुखी क्याम्पस, बागलुङ
**Email:** gtmgivinda53@gmail.com

**लेखसार**

नेपालको राजनीतिक विकासको यात्रा निरङ्कुश, केन्द्रीकृत तथा एकात्मक शासन व्यवस्था हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको लामो ऐतिहासिक घुम्ती पार गर्दै आएको छ। यसमा लोकतन्त्रको अवधारणा सामाजिक न्याय, समानुपातिक प्रतिनिधित्व, समावेशिता तथा सहभागितामूलक शासन व्यवस्थासम्म विस्तार भएको पाइन्छ। प्रस्तुत लेखमा लोकतन्त्रका विभिन्न मोडलहरू, नेपालको संवैधानिक विकासक्रम, नेपालको संविधान २०७२ का समावेशी व्यवस्थाहरूमा अध्ययन केन्द्रित छ। संवैधानिक दस्तावेजहरूमा समावेशिता, समानता, सामाजिक न्याय तथा जनसहभागिताका विषयहरू कसरी विकसित भए भन्ने पक्षलाई अध्ययन गरिएको छ। गुणात्मक अनुसन्धान विधिमा अध्ययन गरी पुस्तकालय अध्ययन विधिको उपयोगबाट संविधानका पुस्तक, शोधपत्र, स्मारिका, बुलेटिन जस्ता द्वितीयक स्रोत सामग्रीहरूको विश्लेषण गरिएको छ। लेखमा उदार पुँजीवादी लोकतन्त्र, समाजवादी लोकतन्त्र तथा समावेशी लोकतन्त्रका सैद्धान्तिक अवधारणाहरूको तुलनात्मक अध्ययन गर्दै नेपालको संविधान २०७२ ले वर्ग, जाति, भाषा, लिङ्ग, क्षेत्र तथा समुदायगत विविधतालाई राज्य संरचनाभित्र समेट्ने प्रयास गरेको निष्कर्ष प्रस्तुत गरिएको छ। अध्ययनले नेपालको समावेशी लोकतन्त्र सामाजिक न्याय, समानुपातिक प्रतिनिधित्व तथा सीमान्तकृत समुदायको राजनीतिक मूलप्रवाहीकरणतर्फ उन्मुख भए पनि व्यवहारिक कार्यान्वयनमा अझै चुनौतीहरू विद्यमान रहेको देखाएको छ। राजनीतिक दलहरूको शक्ति संरचना, प्रशासनिक पहुँच, आर्थिक असमानता तथा सामाजिक चेतनाको स्तरले समावेशी लोकतन्त्रको प्रभावकारितामा असर पारिरहेको निष्कर्ष निकालिएको छ। त्यसैले संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन, सामाजिक चेतनाको अभिवृद्धि तथा राज्यका सबै निकायमा समान सहभागितामूलक प्रतिनिधित्व सुनिश्चित गर्नु आवश्यक रहेको अध्ययनले औंल्याएको छ।

***शब्दकुञ्जी :*** लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, संविधान, संघीय समानुपातिक प्रतिनिधित्व

*Copyright 2026 © The Author(s): This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/*

## विषयपरिचय

जनताको शासन लोकतन्त्र हो, स्वतन्त्रता केन्द्रित लोकतन्त्र उदार पुँजीवादी लोकतन्त्र हो। समानता केन्द्रित लोकतन्त्र समाजवादी लोकतन्त्र भन्दछन । सबै वर्ग, लिङ्ग, जातिका समुदायहरूको समावेशी लोकतन्त्रले प्रतिनिधित्व गराउँछ। कुनै पनि देशको शासकीय स्वरुपमा परिवर्तन गर्ने जनचाहना बमोजिम भएका विद्रोह, आन्दोलन वा क्रान्तिबाट अभिव्यक्त विचारहरूलाई संविधानमा समावेश गरिएको हुन्छ ।

स्वतन्त्रता र समानताका क्षेत्रमा नेपाली जनतालाई अधिकार र कर्तव्यको सीमाबद्धता निर्धारण गरेका छन । राणाशासन विरोधी आन्दोलनलाई मत्थर पार्ने उद्देश्यले ल्याइएको पहिलो संवैधानिक दस्तावेज नेपाल सरकार वैधानिक कानुन २००४ लें तत्कालीन राणाशासनको शक्तिलाई प्रतिनिधित्व गरेको थियो । २००७ सालको क्रान्ति बाट जनताका अधिकारहरू जनता आफैले निर्माण गरेको संविधानसभाबाट निर्मित संविधानलें व्यवस्था गरे बमोजिम हुने घोषणा भयो। यस घोषणाले जनताको शक्ति राजनीतिक दलको माध्यमबाट राज्य सत्ताको प्रयोग हुने कुरालाई स्वीकार गरिएको थियो । समावेशिता लोकतन्त्रको सिद्धान्त एवं व्यवहारलाई अध्ययन गर्दा २००७ सालको क्रान्तिले रैतीबाट प्रजामा रूपान्तरण गरियो। त्यसपछाडिको राजनीतिक अभ्यासमा राजासहितको शासन व्यवस्थालाई प्रजातन्त्र भनियो। तर व्यवहारमा राज्य शक्तिको सञ्चालनमा राजाको प्रभाव अधिक रहन गयो जसको कारण नेपाल अधिराज्यको संविधान २०१५ ले बहुदलीय शासन पद्धतिलाई अंगीकार गरेको भएपनि राजामा विशेषाधिकार राजनीतिक दलको भन्दा माथि रहन गयो परिणाम २०१७ सालमा राजनीतिक दलमाथि प्रतिबन्ध लगाइयो ।

दलहरूको अस्तित्व समाप्त पारी राजाको शक्तिलाई प्रभावकारी तथा निर्णायक बिन्दुमा पुर्याउन र निर्दलीय व्यवस्थालाई दिगो बनाउने शोषणरहित समाजको निर्माण गर्ने उद्देश्यले घोषित नेपालको संविधान २०१९ को धारा ९ मा नागरिक कर्तव्यहरूमा जातजाति क्षेत्र सम्प्रदाय वर्ग धर्म वा त्यस्तै प्रकारका अन्य आधारमा हिंसात्मक कार्य नगरी समाजमा सामन्जस्य कायम गर्नु भन्ने वाक्यांश राखिएको पाइन्छ । यस संविधानले वर्गविहीन समाजको कल्पना गरेपनि समावेशिताको प्रश्नलाई कल्पनासम्म पनि गर्न सकेन । २०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट राजनीतिक दल र राजाको बीचमा सम्पूर्ण सम्झौताले राजसंस्थाको भूमिका औपचारिक राष्ट्रप्रमुखको रूपमा सीमित गरिदियो । यसबाट राज्य शक्तिको स्रोत जनता भएको स्वीकार गरी सार्वभौमसत्ता जनतामा हस्तान्तरण भयो तर बहुधार्मिक, बहुजातीय, बहुभाषिक, स्वरूपलाई २०४७ सालको संविधानले उपेक्षा गरेको वामपन्थी राजनीतिक पार्टीहरूको असहमति थियो । उक्त असहमतिमा नेकपा एमालेले २७ वटा बुँदामा, अन्य दलले समावेशितालाई समेट्न नसकेको भनी कालो संविधान नै भनेका थिए। संविधानको धारा १२३(४) मा जनमत सङ्ग्रहबाट संविधानको स्वरूपमा परिवर्तन गर्न सक्ने व्यवस्था गरिएको थियो तर कार्यान्वयन हुन सकेन । सशस्त्र विद्रोह हुन पुग्यो, राजपरिवारको वंशनासपछि नयाँ राजाले हस्तक्षेपकारी भूमिका निर्वाह गर्न खोजे, जसको परिणाम संसदीय अभ्यासमा रहेका सात राजनीतिक पार्टी र सशस्त्र युद्धमा रहेको माओवादी बीच सहमतिको वातावरण बन्यो, दोस्रो जनआन्दोलन हुन पुग्यो। राजतन्त्रको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना हुन पुग्यो। उक्त जना आन्दोलनको उपलब्धिलाई संस्थागत गर्न दोस्रो संविधानसभाबाट संविधानलाई पूर्णता दिइयो।

यस अध्ययनको मुख्य उद्देश्य विश्वमा प्रचलित पुँजीवादी र समाजवादी नमुना मिश्रित सिद्धान्तहरूलाई समावेश गरी निर्माण गरिएको नेपालको संविधान २०७२ मा समावेशी लोकतन्त्रको संवैधानिक अभ्यास सैद्धान्तिक आधार तथा व्यावहारिक पक्षको विश्लेषण गर्नु हो । उक्त संविधानमा उल्लेख भए अनुसारका शोषित उत्पीडित वर्गहरूको उत्थानका लागि राजनीतिको मूलधारमा आउन नसकेका सीमान्तीकृत वर्गको

राजनीतिक र संवैधानिक व्यवस्थाका चुनौतीहरूलाई प्रस्तुत गर्ने उद्देश्यले यो अनुसन्धानात्मक लेख तयार पारिएको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख नेपालको संविधान २०७२ मा व्यवस्था गरिएका समावेशी लोकतन्त्रसँग सम्बन्धित विषयसँग जोडिएका सन्दर्भहरूलाई गुणात्मक अनुसन्धान पद्धतिमा अध्ययन गर्नु रहेको छ। अध्ययनमा वर्णनात्मक विश्लेषणात्मक व्याख्यात्मक विधिको प्रयोग गरिएको छ। अनुसन्धानका लागि आवश्यक तथ्य तथा सामग्रीहरू द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ।

अध्ययनमा  उद्देश्य मूलक नमुना छनोट विधि अपनाइएको छ। समावेशी लोकतन्त्रका सैद्धान्तिक अवधारणालाई उदारवादी लोकतन्त्र, समाजवादी लोकतन्त्र तथा सहभागितामूलक लोकतन्त्रसँग तुलना गर्दै नेपालको संविधान २०७२ मा भएका संवैधानिक व्यवस्थाहरूको अध्ययनमा आधारित भएर समावेशी लोकतन्त्रको विषयमा सैद्धान्तिक र व्यवहारिक प्रयोगहरुको पुस्तकालय अध्ययन विधिबाट नेपालको संविधानहरूमा व्यवस्था गरिएका पुस्तक, स्मारिका, ब्रोसर, बुलेटिनबाट प्राप्त सामग्रीहरूको विश्लेषण एपीए सातौं संस्करणको शैलीअनुसार उद्धरण सन्दर्भ तथा तथ्यगत प्रस्तुतिकरणलाई प्रागिक मान्यताअनुसार अध्ययन गरि समीक्षात्मक आलेख तयार गरीएको छ।

### समावेशी लोकतन्त्रको सैद्धान्तिक ढाँचा

लोकतन्त्रको शाब्दिक अर्थ जनताको शासन हो । प्राचीन ग्रिसका नगर राज्यहरूमा प्रत्यक्ष लोकतन्त्रको अभ्यासबाट प्रतिनिधिमूलक लोकतन्त्रमा रूपान्तरण भएको देखिन्छ । लोकको अर्थ  जनता र तन्त्रको अर्थ शासन हुन्छ । लोकतन्त्रमा नागरिक स्वतन्त्रता राजनीतिक सहभागिता विधिको शासन तथा आवधिक निर्वाचन जस्ता विशेषताहरू हुन्छन् । प्रत्यक्ष लोकतन्त्र असम्भव भएकोले प्रतिनिधिमूलक लोकतन्त्र विकास हुन पुग्यो। प्रतिनिधिमूलक लोकतन्त्र उदारवादी लोकतन्त्र, मार्क्सवादी समाजवादी लोकतन्त्र र मिश्रित प्रकृतिको सहभागितामूलक समावेशी लोकतन्त्र विकास गरियो। उदार लोकतन्त्रवादीहरू मार्क्सवादी लोकतन्त्रलाई निरङ्कुशतावादी लोकतन्त्र भन्दछन्, उदारवादी लोकतन्त्र र मार्क्सवादी लोकतन्त्रको मिश्रित रूप समावेशी लोकतन्त्र मानिन्छ ।

अमेरिकी पूर्वराष्ट्रपति अब्राहम लिङ्कनले लोकतन्त्र जनताद्वारा जनताका लागि जनताले गरिएको शासनव्यवस्था भनेका छन् (आशीर्वादम, सन् १९७०, पृ। ४६३)। समकालीन विश्वका शासन पद्धतिहरु मध्ये लोकतान्त्रिक शासन पद्धति लोकप्रिय शासन पद्धति हो । प्राचीन ग्रीकका साइरेनिक्स र सोफिस्टस जस्ता समूहभित्र लोकतन्त्रलाई जनताको शासन मान्ने गरेको पाइन्छ । उनीहरु लोकतान्त्रिक शासन जनताले स्वयंमा आफूमाथि शासन गर्ने पद्धति हो भन्दछन्, (दाहाल,२०५२ पृ।३३८) । लोकतन्त्र प्राचीन ग्रीकका नगरराज्यहरूमा संचालित प्रत्यक्ष लोकतान्त्रिक शासन पद्धति बाट विकसित भएको हो । ग्रीक शब्द ‘‘डेमोक्रेटिया‘‘अङ्ग्रेजी अर्थ ‘‘रूल अफ पिपल‘‘ हुन्छ,जसलाई जनताको शासन भन्न सकिन्छ (डाहाल, सन् १९९८,पृ।११) । लोकतन्त्रमा जनताको प्रभाव र नियन्त्रण हुन्छ । समाजमा मानवीय गतिविधिले व्यापकता लिदै जानेक्रममा नागरिक समाजको स्तरबाट शान्ति, सुरक्षा र अमनचयनका  लागि लोकतन्त्रतर्फ अग्रसर हुन मानिस प्रेरित भयो । यसकै स्वरुपमा आज प्रजातन्त्र, गणतन्त्र, जनतन्त्र, लोकतन्त्र,  जनवाद आदि नामले लोकतन्त्रको परिचय दिइन्छ । राज्यस्तरमा लोकतन्त्रको मौलिक महत्व छ किनभने राज्यमा सबै संगठन समाहित छन् । राज्यलाई सारा समाजको सुरक्षा, मानवीय जीवनका जन्मदेखि मृत्युसम्म सम्पुर्ण क्रियाकलापलाई व्यवस्थापन

गर्ने अधिकार हुन्छ (विथय एण्ड बांयले, सन् १९९७, पृ .१५) । लोकतन्त्रको सबैभन्दा शक्तिशाली हतियार सरकारको अधिकारको स्रोत जनताको इच्छा हो र उनीहरुका साझा उद्देश्यमा निहित हुँदै सामूहिक निर्णयकर्ताहरु निष्पक्ष, इमानदार र समयावधिक निर्वाचनबाट चुनिन्छन् । यसमा उनीहरुले प्राप्त गर्ने मत बालिक मताधिकार बाटप्राप्त हुने, प्रतिस्पर्धा र सहभागिता दुई आयामिक प्रकृया हुन्छन्, जसलाई लोकतन्त्र भनिन्छ ( हन्टिङटन, सन् १९९१, पृ.३-४) लोकतन्त्रले जनअधिकारको बाहाली गर्दछ, स्वतन्त्रताको अनुभूति गराउँदछ,आत्म निर्णय अवसरहरूको संरक्षण गर्दछ । राजनीतिक समानताको प्रत्याभूति गराउँछ र तुलनात्मक रुपमा शान्ति स्थापना गर्दछ (डाहल, सन १९९८, पृ.३८)

लोकतन्त्रलाई साम्राज्यवादी तथा प्रभुत्ववादी शक्तिहरूले तेस्रो विश्व मुलुकहरुलाई आफ्नो छत्रछायाँमा राख्न चाहन्छन् । उनीहरुले प्रत्यक्ष वा परोक्षरुपमा आफूलाई फाइदा उनी गरी उपयोग गर्ने कुरा तर्फ उन्मुख हुँदै,व्यापारमा एकाधिकार बनाउन खोजिरहेका छन् (स्टेफन, सन् २००४, पृ.२०) । तेस्रो विश्वका मुलुकमा जहाँ-जहाँ लोकतन्त्रको उदय हुन्छ । त्यहाँ समावेशी लोकतन्त्रलाई महत्व दिन थालिएको छ। समाजका विभिन्न वर्ग भाषालिङ्ग धर्म तथा क्षेत्रका समुदायलाई शासन प्रक्रियामा सहभागी गराउनु समावेशी लोकतन्त्रको मूल उद्देश्य हो। राज्यको साधन स्रोत र अवसरमा सम्मान पहुँच निश्चित गरी सिमान्तिकृत समुदायलाई राजनीतिक मूल प्रवाहमा समाहित गर्नु समावेशी लोकतन्त्रको मर्म हो। २०६२ र ६३ को जनआन्दोलनले जनतालाई राज्य सत्तामा सहभागी गराउन राजाविहीन अवस्थालाई लोकतन्त्र भन्न थालियो, परिवर्तित अवस्था र समय सापेक्षतामा उपयुक्त शब्द चयन गरिनु पर्दछ भन्ने मान्यता तथ्यगत हिसाबले प्रमाणित भएको छ (बराल, २०६२, पृ. ६), त्यसैले लोकतन्त्र शब्द समावेशिताको सांकेतिक अवस्था हो भन्न सकिन्छ। प्राविधिक हिसाबले सहभागी गराएर वा शासनसत्तामा आरक्षित वा मनोनित गरेर उनीहरूलाई बलियो पार्न सकिँदैन, नीति निर्माण गर्ने निकायदेखि कार्यान्वयन गर्ने तहसम्मका सबै निकायमा सामाजिक न्यायका आधारमा सहभागी गराउनुमा समावेशिताको अर्थ रहन्छ ।

जनता आफैले वा आफ्ना प्रतिनिधि मार्फत शासनमा सहभागी हुने प्रक्रिया लोकतान्त्रिक प्रक्रिया हो । प्रत्यक्ष रूपमा जनताहरू नीति निर्माण तथा नेतृत्व छनोटमा आफै सहभागी हुने प्रक्रियाबाट सुरुवात भएको लोकतान्त्रिक अभ्यास प्रतिनिधिमूलक ढङ्गबाट शासनमा सहभागिता हुन थाल्यो। पछिल्लो समयमा भौगोलिक, जातीय, लैङ्गिक, वर्गीय रूपमा पछाडि पारिएका वर्गहरूको उत्थान विकास र सन्तुलनका लागि राजनीतिशास्त्रमा समावेशी सिद्धान्तको प्रयोग हुन थालेको पाइन्छ । आर्थिक, सामाजिक, सांस्कृतिक रूपमा राज्य शक्तिको साधन र स्रोतको पहुँचबाट विमुख वर्ग र समुदायका मानिसहरूलाई समान अवसर प्रदान गरी मूल प्रवाहीकरण गर्नु समावेशी लोकतन्त्रको मूल मर्म हो। यो देश तिम्रो हो, मेरो पनि हो, हामी सबैको हो, हामी राजनीतिको मूल प्रवाहमा समाहित हुनुपर्छ ।

समावेशी लोकतन्त्रमा कुनै पनि किसिमको निरंकुशता मान्य हुँदैन । राजनीतिक स्वतन्त्रता विना लोकतन्त्रको अस्तित्व हुँदैन भने आर्थिक, सामाजिक समानता बिनाको लोकतंत्र राजनीतिमा अपूर्ण मानिन्छ । समयको परिवर्तनसँगै मानवीय गतिविधिले पनि परिवर्तन गर्दै जाँदा लोकतन्त्रका स्वरुप हरूपनि परिवर्तन हुँदै जान्छन । समयको गतिलाई चिन्न नसक्ने राष्ट्र लोकतान्त्रिक हुन सक्दैनन् । लोकतन्त्रको माला जपेर मात्र हुँदैन समय सापेक्षतामायसको मर्म र भाबना बुझ्न सक्नुपर्छ, लोकतन्त्रका नाममा मनपरी गर्नेहरु लोकतन्त्रका शत्रु हुन् । वर्तमान समयमा कम्यूनिष्टहरु समावेशी लोकतन्त्रलाई आत्मसाथ गर्दै खुला राजनीतिक प्रतिस्पर्धामा गएका छन् । तेस्तै प्रजातन्त्रबादीहरु जनतालाइ आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको प्रत्याभूति हुने गरी समानुपातिक समावेशी राजनीतिबाट समाजवादी कार्यक्रम लागू गर्न विवश छन् ।

**विश्वमा लोकतान्त्रिक अभ्यास**

लोकतन्त्रमा जनताको प्रतिनिधित्व राजनीतिक दलका प्रतिनीधिहरुले गरिरहेका हुन्छन् । यिनीहरु जनताका सन्देश बाहक पनि हुन् यदि राजनीतिक दलले स्वार्थ केन्द्रित काम गरे भने घातकसिद्ध हुन्छ (ब्राइस, सन् १९७०, पृ.२५१) ।लोकतान्त्रिक अभ्यासका दृष्टिकोणले स्वतन्त्रता केन्द्रित पुँजीवादी प्रजातन्त्रलाई उदार लोकतन्त्र मानिन्छ । समानता केन्द्रित समाजवादी प्रजातन्त्रलाइ कठोर लोकतन्त्र मानिन्छ । दुवै प्रजातन्त्रका सकारात्मक पक्षलाई समावेश गरी लोकतन्त्रको तेस्रो नमुनाका रुपमा सहभागितामूलक, समावेशी लोकतन्त्रको अभ्यासले प्राथमिकता पाएको छ । सबै वर्ग, क्षेत्र, लिंग, जात, जातिहरूको प्रतिनिधित्व गराउने उद्देश्यले समानुपातिक समावेशी प्रतिनिधित्वलाई पनि लोकतन्त्रमा विशेष ध्यान दिन थालिएको छ (डाहाल, सन् १९९८, पृ. १३१) विश्वमा प्रचलित लोकतन्त्रका अभ्यासहरूलाई निम्न उपशीर्षकमा अध्ययन गरिएको छ।

**संसदीय लोकतन्त्र**

संसदीय लोकतन्त्र आधुनिक उदारवादी लोकतन्त्रको उत्कृष्ट स्वरूपको रूपमा लिइन्छ । यस प्रकृतिको लोकतान्त्रिक अभ्यास गर्ने मोडललाई बेलायती वेस्ट मिनिष्टर प्रणालीमा पहिलो हुनेले जित्ने हुन्छ। यस प्रकृतिको लोकतन्त्र भारत, अस्टेलिया, क्यानडा, जर्मनी, नेपाल देशहरूमा अभ्यास गरिएको पाइन्छ । यस्तो प्रणालीमा कार्यपालिका संसदप्रति उत्तरदायी हुने र सरकार प्रमुखमा प्रधानमन्त्री रहने हुन्छ । संसदीय लोकतान्त्रिक प्रणालीमा पहिलो हुनेले जित्ने हुन्छ यसलाई अंग्रेजीमा फस्ट पास अफ दि पोष्ट अर्थात निर्वाचनमा प्रतिस्पर्धी उम्मेदवारहरु मध्ये सबैभन्दा बढी मत ल्याउने व्यक्ति निर्वाचित हुने पद्धति हो, जसमा निर्वाचनमा पराजित उम्मेदवार हरुको एकमुष्ट मत निर्वाचित प्रतिनिधिको भन्दा बढी हुने सम्भावना धेरै हुन्छ । त्यसैले यस शासन पद्धतिलाई अल्पमतिय शासन पद्धति पनि भनिन्छ । उदार लोकतन्त्रको पहिचान कायम गरेको यस लोकतन्त्रमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक स्वतन्त्रताको रक्षाका लागि मौलिक हकको व्यवस्था गरी आवधिक निर्वाचन, सीमित सरकार, नियन्त्रण र सन्तुलन सहितको शक्तिपृथकीकरण, लोकप्रिय सार्वभौमिकता,व्यक्तिगत स्वतन्त्रताको सुनिश्चितता, नागरिक र राजनीतिक स्वतन्त्रता, बहुदलीय प्रतिस्पर्धा, खुला बजार अर्थतन्त्र, संविधानवाद जस्ता कुरा यस प्रजातन्त्रका नमुना हुन् (एन्टोन, सन् २०१७, पृ.३) । लोकतन्त्रमा नैतिकता र प्राज्ञिकताको महत्त्व रहन्छ, स्वतन्त्रता, समानताको संयोजन नै सापेक्षिक रूपमा लोकतन्त्र को मर्म हो (आशीर्वादम, सन् २०७०, पृ.४८७)।

संसदीय लोकतन्त्रलाई पुरानो लोकतन्त्र, धनीहरूको लोकतन्त्र, चुनावदेखि चुनावसम्मको लोकतन्त्र, आधारभूत तहका जनतालाई आकाशको फल आँखा तरी मर् जस्तो पनि भानिन्छ । नोकरशाहीतन्त्र शक्तिशाली हुने भएकाले श्रमजीवि वर्ग र गरिव जनताका लागि अर्थहिन कागलाई बेल पाक्यो हर्ष न बिस्मात जस्तो हुन्छ भनि आलोचना पनि गरिन्छ ।

**अध्यक्षात्मक लोकतन्त्र**

अध्यक्षात्मक लोकतन्त्रलाई अमेरिकी मोडलको लोकतन्त्र पनि भनिन्छ । यस प्रणालीमा राष्ट्रपति नै राष्ट्रप्रमुख तथा सरकार प्रमुख दुवै हुन्छन् । संयुक्त राज्य अमेरिका, ब्राजिल, फिलिपिन्स, इन्डोनेसिया तथा विभिन्न दक्षिण अमेरिकी राष्ट्रहरूमा यस शासनप्रणालीको अभ्यास गरिएको पाइन्छ । अध्यक्षात्मक लोकतन्त्रमा कार्यपालिका व्यवस्थापिकाबाट पृथक रहन्छ र राष्ट्रपति निश्चित अवधिका लागि प्रत्यक्ष वा निर्वाचक मण्डलमार्फत निर्वाचित हुन्छन् । यस प्रणालीको प्रमुख विशेषता शक्तिपृथकीकरण हो । राष्ट्रपति संसदको

सदस्य नहुने भएकाले सरकार गठनमा स्वतन्त्र रहन्छन् । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति सन्तुलन कायम गरिएको हुन्छ । राष्ट्रपति निरङ्कुश हुन नदिन संसदलाई महाभियोग लगाउने अधिकार दिइएको हुन्छ । यस प्रकारको व्यवस्थाले राजनीतिक स्थायित्व तथा निर्णय क्षमतामा प्रभावकारीपन ल्याउने विश्वास गरिन्छ ।

अध्यक्षात्मक लोकतन्त्रले व्यक्तिगत स्वतन्त्रता, राजनीतिक अधिकार तथा नागरिक सहभागितालाई महत्व दिन्छ । तर यस प्रणालीमा शक्ति अत्यधिक रूपमा कार्यपालिकामा केन्द्रित हुने सम्भावना रहन्छ । यदि लोकतान्त्रिक संस्कार कमजोर भएमा राष्ट्रपति निरङ्कुश बन्न सक्ने खतरा पनि रहन्छ । त्यसैले संवैधानिक नियन्त्रण, न्यायिक स्वतन्त्रता तथा नागरिक चेतना यस प्रणालीका आधारभूत सुरक्षा संयन्त्र हुन् ।

राजनीतिशास्त्रीय दृष्टिले हेर्दा विश्वमा लोकतन्त्रका दुई प्रमुख वैचारिक मोडल विकसित भएका छन्– उदार पुँजीवादी लोकतन्त्र र समाजवादी लोकतन्त्र । पहिलोले व्यक्तिगत स्वतन्त्रतालाई प्राथमिकता दिन्छ भने दोस्रोले आर्थिक तथा सामाजिक समानतालाई महत्व दिन्छ । अध्यक्षात्मक लोकतन्त्र प्रायः उदार पुँजीवादी राजनीतिक संरचनासँग सम्बन्धित मानिन्छ, जहाँ राजनीतिक अधिकारलाई प्रमुख आधार बनाइन्छ ।

**पूँजीवादी लोकतन्त्र**

पूँजीवादी लोकतन्त्रलाई उदार लोकतन्त्र वा संसदीय लोकतन्त्रको आधुनिक स्वरूप पनि मानिन्छ । यस प्रणालीले व्यक्तिगत स्वतन्त्रता, निजी सम्पत्ति, खुला बजार अर्थतन्त्र तथा बहुदलीय प्रतिस्पर्धालाई लोकतन्त्रको आधार मानेको हुन्छ । बेलायत, अमेरिका, फ्रान्स लगायतका पश्चिमी राष्ट्रहरूमा यसको व्यापक अभ्यास भएको पाइन्छ ।

उदार लोकतन्त्रले अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, मानव अधिकार तथा विधिको शासनलाई संस्थागत गरेको छ । डाहलका अनुसार लोकतन्त्रमा प्रभावकारी सहभागिता, मतदानको समानता तथा राजनीतिक प्रतिस्पर्धा आवश्यक तत्व हुन् (डाहल, सन् १९९८) । यस दृष्टिले पूँजीवादी लोकतन्त्रले नागरिक तथा राजनीतिक अधिकारको विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । तर समाजवादी चिन्तकहरूले पूँजीवादी लोकतन्त्रलाई वर्गीय लोकतन्त्रको रूपमा व्याख्या गरेका छन् । उनीहरूका अनुसार उत्पादनका साधनमाथि सीमित पूँजीपति वर्गको नियन्त्रण हुने भएकाले राज्यसत्ता पनि अन्ततः त्यही वर्गको हितमा केन्द्रित हुन्छ । मिश्रले पूँजीवादी लोकतन्त्रमा आर्थिक असमानता र श्रम शोषणको संरचना अन्तर्निहित रहेको बताएका छन् (मिश्र, सन् २००४) । निर्वाचन, राजनीतिक दल तथा सञ्चार माध्यममा पूँजीको प्रभावले श्रमिक वर्ग तथा विपन्न समुदायको वास्तविक प्रतिनिधित्वलाई कमजोर बनाउने तर्क समाजवादी चिन्तनमा पाइन्छ । मार्क्स र एंगेल्सले पूँजीवादी राज्यलाई बुर्जुवा वर्गको राजनीतिक संयन्त्रका रूपमा व्याख्या गरेका छन् । उनीहरूका अनुसार औपचारिक राजनीतिक स्वतन्त्रता मात्र पर्याप्त हुँदैनस आर्थिक तथा सामाजिक समानता बिना लोकतन्त्र अधुरो रहन्छ (मार्क्स र एंगेल्स, सन् १९७५) । यसकारण पूँजीवादी लोकतन्त्रलाई श्रमिक वर्गका लागि सीमित तथा औपचारिक लोकतन्त्रका रूपमा आलोचना गरिएको छ ।

यद्यपि सन् १९९० पछि विश्वव्यापी लोकतान्त्रिकरणको प्रक्रियासँगै उदार लोकतन्त्रले आफूलाई परिमार्जन गर्ने प्रयास गरेको देखिन्छ । सामाजिक सुरक्षा, बेरोजगार भत्ता, शिक्षा, स्वास्थ्य, महिला अधिकार तथा सामाजिक न्यायका कार्यक्रममार्फत पूँजीवादी लोकतन्त्रले कल्याणकारी राज्यको अवधारणालाई विकास गरेको पाइन्छ । पोखरेलका अनुसार आधुनिक उदार लोकतन्त्रले सामाजिक सुरक्षाका कार्यक्रममार्फत लोकतन्त्रलाई सामाजिक उत्तरदायित्वसँग जोड्ने प्रयास गरेको छ (पोखरेल, २०५६) ।

नेपालको संविधान २०७२ मा पनि उदार लोकतन्त्र र समाजवादउन्मुख राज्य व्यवस्थाबीच समन्वय गर्ने प्रयास गरिएको छ । संविधानले मौलिक अधिकार, सामाजिक न्याय, समानुपातिक समावेशिता तथा समाजवादउन्मुख अर्थतन्त्रलाई एकसाथ स्वीकार गरेको छ । यसले आधुनिक लोकतन्त्र केवल राजनीतिक स्वतन्त्रतामा सीमित नभई सामाजिक न्याय र समावेशी विकाससँग पनि सम्बन्धित रहेको स्पष्ट गर्दछ ।

**समाजवादी लोकतन्त्र**

समाजवादी लोकतन्त्रको आधार मार्क्सवादी दर्शनमा निहित छ । यसको मुख्य उद्देश्य वर्गीय शोषणको अन्त्य गरी श्रमजीवी वर्गको राज्यसत्ता स्थापना गर्नु हो । मार्क्स र एंगेल्सका अनुसार इतिहास वर्गसंघर्षको इतिहास हो, जहाँ पूँजीपति वर्गले श्रमिक वर्गमाथि आर्थिक तथा सामाजिक प्रभुत्व कायम गरेको हुन्छ (मार्क्स र एंगेल्स, सन् १९७५) त्यसैले समाजवादी लोकतन्त्रले उत्पादनका साधनमाथि सार्वजनिक स्वामित्व कायम गरी समानतामूलक समाज निर्माण गर्ने लक्ष्य राख्छ ।

समाजवादी लोकतन्त्रले राजनीतिक अधिकारभन्दा बढी आर्थिक, सामाजिक तथा सांस्कृतिक समानतालाई महत्व दिन्छ । पूर्व सोभियत संघ, चीन, भियतनाम तथा उत्तर कोरियामा यसको अभ्यास गरिएको पाइन्छ । यस प्रणालीमा श्रमिक वर्गको नेतृत्वलाई राज्यसत्ताको आधार मानिन्छ । उत्पादन र वितरणका साधनहरूमाथि सार्वजनिक नियन्त्रण स्थापना गरी वर्गविहीन समाज निर्माण गर्नु यसको दीर्घकालीन उद्देश्य हो ।

मार्क्सवादी दृष्टिकोणअनुसार वास्तविक स्वतन्त्रता आर्थिक समानताबाट मात्र सम्भव हुन्छ । भोक, गरिबी, बेरोजगारी तथा शोषणबाट मुक्त नभएसम्म राजनीतिक स्वतन्त्रता अर्थहीन हुने तर्क समाजवादी चिन्तनमा पाइन्छ । मार्क्सले दार्शनिकहरूले संसारको व्याख्या मात्र गरेको तर वास्तविक आवश्यकता संसारलाई परिवर्तन गर्नु रहेको बताएका छन् (मार्क्स र एंगेल्स, सन् १९७६) । यस अर्थमा समाजवादी लोकतन्त्र परिवर्तनमुखी तथा क्रान्तिकारी राजनीतिक अवधारणा हो ।

समाजवादी लोकतन्त्रको प्रमुख विशेषता सामाजिक न्याय, वर्गीय समानता तथा श्रमिक अधिकारको संरक्षण हो । यसले शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षालाई राज्यको दायित्वका रूपमा स्वीकार गर्दछ । उत्पादनका साधनमाथि सार्वजनिक स्वामित्व कायम गरी आर्थिक स्रोतको समान वितरण गर्ने प्रयास गरिन्छ । पोखरेलका अनुसार समाजवादी लोकतन्त्रले बहुसंख्यक श्रमजीवी वर्गको प्रतिनिधित्व गर्दै आर्थिक समानतालाई लोकतन्त्रको पूर्वसर्त मानेको छ (पोखरेल, २०५६) । तर व्यवहारिक रूपमा समाजवादी लोकतन्त्रप्रति आलोचना पनि गरिएको छ । एकदलीय राजनीतिक प्रणाली, राजनीतिक स्वतन्त्रतामा नियन्त्रण तथा राज्यसत्ताको अत्यधिक केन्द्रीकरणका कारण कतिपय समाजवादी राष्ट्रहरूमा निरङ्कुशताको प्रवृत्ति विकसित भएको देखिन्छ । उदारवादी विद्वानहरूले बहुदलीय प्रतिस्पर्धा र व्यक्तिगत स्वतन्त्रताको अभावलाई समाजवादी लोकतन्त्रको कमजोरीका रूपमा प्रस्तुत गरेका छन् ।

आधुनिक विश्वमा लोकतन्त्रको नयाँ स्वरूपका रूपमा समावेशी लोकतन्त्रको अवधारणा विकसित भएको छ, जसले उदार लोकतन्त्रको राजनीतिक स्वतन्त्रता र समाजवादी लोकतन्त्रको सामाजिक समानतालाई संयोजन गर्ने प्रयास गर्दछ । नेपालको संविधान २०७२ ले यही समन्वयवादी दृष्टिकोणलाई आत्मसात गर्दै समानुपातिक समावेशिता, सामाजिक न्याय तथा समाजवादउन्मुख राज्य व्यवस्थालाई संवैधानिक मान्यता दिएको छ । यसले लोकतन्त्रलाई केवल शासन प्रणालीका रूपमा होइन, सामाजिक रूपान्तरणको माध्यमका रूपमा समेत स्थापित गरेको छ ।

**समावेशी लोकतन्त्र**

समावेशी लोकतन्त्र आधुनिक लोकतान्त्रिक राजनीतिक चिन्तनको विकसित तथा प्रगतिशील अवधारणा हो । यसको मूल उद्देश्य राज्यसत्तामा सबै वर्ग, जाति, समुदाय, लिङ्ग, भाषा, धर्म तथा क्षेत्रको समान र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु हो । ऐतिहासिक रूपमा हेर्दा समावेशी सिद्धान्तको बहस विशेषतः संयुक्त राज्य अमेरिकामा काला र गोरा समुदायबीच विद्यमान जातीय विभेदको अन्त्य गर्ने आन्दोलनसँग जोडिएर विकसित भएको पाइन्छ । त्यसपछि बहुसांस्कृतिक समाज भएका राष्ट्रहरूमा राज्यसत्ताको मूलप्रवाहबाट बहिष्कृत समुदायलाई राजनीतिक, सामाजिक तथा आर्थिक रूपमा समेट्ने नीति विकास हुँदै गयो । स्वीजरल्यान्डले सन् १९४८ पछि शासन प्रणालीमा विविध समुदायको सहभागितालाई संस्थागत गर्दै शक्ति साझेदारीको अभ्यास प्रारम्भ गरेको थियो, जसलाई समावेशी शासनको प्रारम्भिक उदाहरणका रूपमा लिन सकिन्छ ।

समावेशी लोकतन्त्रको आधारभूत मान्यता राजनीतिक समानता मात्र नभई सामाजिक न्याय, समान अवसर तथा सन्तुलित प्रतिनिधित्व हो । यस अवधारणाले लोकतन्त्रलाई केवल निर्वाचन वा बहुमतको शासनका रूपमा नहेरी राज्य संरचनाको पुनर्संरचना र शक्ति वितरणको प्रक्रियासँग जोडेर हेर्दछ । भट्टचनका अनुसार जातीय, भाषिक, सांस्कृतिक तथा क्षेत्रीय समुदायहरूको समानुपातिक प्रतिनिधित्व र शक्ति साझेदारी नै समावेशी लोकतन्त्रको मूल आधार हो (भट्टचन, सन् २००४, पृ। ५) । यस अर्थमा समावेशी लोकतन्त्रले राज्यभित्र रहेका संरचनागत असमानता, जातीय विभेद, लैङ्गिक उत्पीडन तथा वर्गीय बहिष्करणलाई अन्त्य गर्ने राजनीतिक उपायको रूपमा कार्य गर्दछ ।

आधुनिक लोकतान्त्रिक सिद्धान्तमा समावेशितालाई “प्रतिनिधित्वको न्याय” सँग सम्बन्धित गरिन्छ । उदार लोकतन्त्रले राजनीतिक अधिकारको समानतालाई जोड दिए पनि व्यवहारमा महिला, दलित, आदिवासी, अल्पसंख्यक तथा पिछडिएका समुदायहरू राज्यसत्ताको पहुँचबाट टाढा रहेका कारण लोकतन्त्र अपूर्ण देखिएको थियो । यही कमजोरीलाई सम्बोधन गर्न समावेशी लोकतन्त्रको अवधारणा विकसित भएको हो । लावतीका अनुसार बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक समाजमा सबै समुदायको अर्थपूर्ण सहभागिता र निर्णय प्रक्रियामा प्रतिनिधित्व सुनिश्चित गर्नु समावेशी लोकतन्त्रको प्रमुख उद्देश्य हो (लावती, सन् २००४, पृ. ५७) । समावेशी लोकतन्त्रले सकारात्मक विभेद अथवा आरक्षणलाई सामाजिक न्यायको उपकरणका रूपमा स्वीकार गर्दछ । ऐतिहासिक रूपमा उत्पीडित तथा सीमान्तकृत समुदायलाई राज्यका निकायमा विशेष अवसर प्रदान गरी उनीहरूको सशक्तीकरण गर्नु यसको मुख्य उद्देश्य हो । यसले केवल औपचारिक समानताको अवधारणालाई अस्वीकार गर्दै परिणाममुखी समानताको पक्षमा वकालत गर्दछ । शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीतिक प्रतिनिधित्व तथा सार्वजनिक सेवामा पहुँच विस्तार गरेर सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने प्रयास यस सिद्धान्तमा पाइन्छ ।

नेपालको सन्दर्भमा समावेशी लोकतन्त्र अपेक्षाकृत नयाँ राजनीतिक अवधारणा हो । नेपाल लामो समयसम्म केन्द्रीकृत, एकात्मक तथा उच्च वर्गीय प्रभुत्वयुक्त राज्य संरचनाबाट सञ्चालित भएको थियो । फलतः दलित, जनजाति, मधेसी, महिला, मुस्लिम, थारु, पिछडिएको क्षेत्र तथा अन्य सीमान्तकृत समुदायहरू राज्यसत्ताको पहुँचबाट बहिष्कृत अवस्थामा थिए । २०६२/६३ को जनआन्दोलन र त्यसपछिको राजनीतिक परिवर्तनले समावेशी लोकतन्त्रलाई नेपालको राजनीतिक पुनर्संरचनाको केन्द्रीय मुद्दाका रूपमा स्थापित गऱ्यो । पन्थका अनुसार नेपालको संविधानको मूल आत्मा नै समावेशी लोकतन्त्र र समावेशी विकास हो,

जसले राज्यलाई सबै समुदायको साझा संरचनाका रूपमा पुनर्परिभाषित गर्ने प्रयास गरेको छ (पन्थ, २०७९) ।

नेपालको संविधान २०७२ ले समावेशी लोकतन्त्रलाई संवैधानिक रूपमा संस्थागत गरेको छ । संविधानको प्रस्तावनामै बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषतालाई स्वीकार गर्दै समानुपातिक समावेशी सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । संविधानको धारा ४ मा समावेशी तथा धर्म निरपेक्षता सम्बन्धी व्यवस्था, धारा ६ र ७ मा भाषिक समावेशितामा मातृ भाषाको मान्यता, धारा ३८(४) ले महिलालाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक सुनिश्चित गरेको छ । यद्यपि व्यवहारमा प्रत्यक्ष निर्वाचन प्रणालीमा महिलाको प्रतिनिधित्व अपेक्षाकृत कमजोर रहेको देखिन्छ । राजनीतिक दलहरूभित्रको पितृसत्तात्मक संरचना तथा दलीय गठबन्धनका कारण महिलाको वास्तविक नेतृत्व विकासमा चुनौती रहेको पाइन्छ ।

त्यसैगरी धारा ४०(७) ले दलित समुदायलाई विशेष अवसर तथा समानुपातिक प्रतिनिधित्वको संवैधानिक प्रत्याभूति गरेको छ । धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत महिलादेखि दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक तथा सीमान्तकृत समुदायलाई राज्यका निकायमा समावेशी सिद्धान्तका आधारमा सहभागी हुने अधिकार प्रदान गरिएको छ । यसले नेपाली राज्यलाई औपचारिक रूपमा बहुलवादी तथा समावेशी संरचनातर्फ रूपान्तरण गर्ने प्रयास गरेको देखिन्छ ।

संविधानले संघीय संसद, प्रदेश सभा तथा स्थानीय तहमा समेत समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेको छ । प्रतिनिधिसभामा प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीको मिश्रित अभ्यास, राष्ट्रिय सभामा महिला, दलित तथा अल्पसंख्यकको अनिवार्य प्रतिनिधित्व, प्रदेश सभामा समावेशी बन्दसूची प्रणाली तथा स्थानीय तहमा महिला र दलित महिलाको आरक्षणले नेपालको लोकतन्त्रलाई समावेशी दिशातर्फ उन्मुख गरेको छ । धारा ७० अनुसार राष्ट्रपति र उपराष्ट्रपति फरक-फरक लिङ्ग वा समुदायको हुनुपर्ने व्यवस्था समावेशी राज्य संरचनाको महत्वपूर्ण संवैधानिक उदाहरण हो । संविधानको धारा ८४ धारा ८६, धारा १७६, धारा १८२, धारा २२०, धारा २२२ र २२३ संघीय संसद, प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभा तथा स्थानीय तहमा समेत समावेशी उम्मेदवारिको व्यवस्था गरी समावेशितालाई आत्मसात गरेको पाइन्छ। त्यस्तै संविधानको धारा २६९ देखि २७२ सम्म राजनीतिक दलसम्बन्धी व्यवस्था गरी राजनीतिकको विधानमा राजनीतिक विचार स्पष्ट रूपमा उल्लेख गरी दलको सिद्धान्त र उद्देश्य प्रष्ट हुनुपर्ने, दलहरू लोकतान्त्रिक हुनुपर्ने, दलहरू खुला प्रकृतिको हुनुपर्ने, भूमिगत हुन नपाउने जस्ता प्रावधानहरू राखी नाम, उद्देश्य, चिन्ह वा झन्डा देशको धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा देशलाई विघटन गर्ने प्रकृतिको हुन नहुने व्यवस्था छ। यद्यपि समावेशी लोकतन्त्रको व्यवहारिक कार्यान्वयन चुनौतीरहित छैन । व्यवहारमा राजनीतिक दलहरूभित्र उच्च वर्गीय तथा सत्ताकेन्द्रित समूहको प्रभुत्व कायम रहेको देखिन्छ । समानुपातिक प्रतिनिधित्वको लाभ प्रायः पहुँच भएका सीमित व्यक्तिहरूले लिने प्रवृत्ति विकसित भएको छ । सीमान्तकृत समुदायका नाममा आरक्षणको अवसर माथिल्लो चेतना तथा आर्थिक पहुँच भएका व्यक्तिहरूले उपयोग गर्ने प्रवृत्तिले समावेशी लोकतन्त्रको मूल मर्मलाई कमजोर बनाएको आलोचना गरिन्छ । यसले "प्रतिनिधित्वको संख्या" र "प्रतिनिधित्वको सार" बीचको अन्तरलाई स्पष्ट गर्दछ ।

अन्तर्राष्ट्रिय स्तरमा पनि समावेशी लोकतन्त्रलाई दिगो शान्ति, सामाजिक एकता तथा लोकतान्त्रिक स्थायित्वको आधारका रूपमा हेरिन्छ । बहुजातीय तथा बहुसांस्कृतिक समाज भएका राष्ट्रहरूमा शक्ति साझेदारी, संघीयता, समानुपातिक प्रतिनिधित्व तथा सांस्कृतिक अधिकारको संरक्षणमार्फत लोकतान्त्रिक स्थायित्व कायम गरिएको पाइन्छ । स्टेफनका अनुसार बहुराष्ट्रिय समाजमा लोकतन्त्र तब मात्र सफल हुन्छ,

जब राज्य संरचनाले विविध समुदायको पहिचान र प्रतिनिधित्वलाई सम्मान गर्दछ ९स्टेफन, सन् २००४०। यस अर्थमा समावेशी लोकतन्त्र केवल राजनीतिक प्रणाली नभई सामाजिक सहअस्तित्व र न्यायको आधारभूत दर्शन पनि हो ।

नेपालमा समावेशी लोकतन्त्रको सफल कार्यान्वयनका लागि संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन, राजनीतिक दलहरूको आन्तरिक लोकतान्त्रिकरण, सामाजिक चेतनाको विकास तथा सुशासन आवश्यक देखिन्छ । समावेशिता केवल आरक्षण वा प्रतिनिधित्वको प्रश्न मात्र नभई राज्यसत्ताको पहुँच, अवसरको समान वितरण तथा सम्मानजनक सहभागितासँग सम्बन्धित विषय हो । त्यसैले समावेशी लोकतन्त्रलाई व्यवहारमा रूपान्तरण गर्न सामाजिक न्याय, आर्थिक समानता तथा उत्तरदायी शासन प्रणालीको विकास अपरिहार्य देखिन्छ ।

## नेपालमा समावेशी लोकतन्त्रका चुनौतीहरू

नेपालको संविधान, २०७२ ले समावेशी लोकतन्त्रलाई राज्य व्यवस्थाको मूल आधारका रूपमा स्वीकार गरेको छ। संविधानले महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति तथा अल्पसंख्यक समुदायलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी गराउने व्यवस्था गरेको छ। तथापि संवैधानिक र कानुनी व्यवस्थाहरू व्यवहारमा पूर्ण रूपमा कार्यान्वयन हुन नसक्दा समावेशी लोकतन्त्र विभिन्न चुनौतीहरूले घेरिएको छ। विशेषतः २०७९ को संघ, प्रदेश तथा स्थानीय तह निर्वाचन र २०८२ सम्मको संवैधानिक अभ्यासले समावेशी प्रतिनिधित्वका अनेक सीमाहरू उजागर गरेका छन्।

## सिद्धान्त र व्यवहारको बीचको अन्तर

संविधानले समावेशी प्रतिनिधित्वलाई अनिवार्य व्यवस्था गरे पनि व्यवहारमा राजनीतिक दलहरूले यसको आत्मालाई पूर्ण रूपमा कार्यान्वयन गर्न सकेका छैनन् । समानुपातिक सूचीमा सीमान्तकृत समुदायलाई समावेश गरिए पनि निर्णय प्रक्रियामा उनीहरूको प्रभाव कमजोर देखिन्छ। प्रतिनिधित्व संख्यात्मक रूपमा बढे पनि नीतिगत तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित हुन सकेको छैन। यसले समावेशितालाई केवल औपचारिकता वा संवैधानिक बाध्यताको रूपमा सीमित गरिदिएको छ ।

## दलहरूका केन्द्रीकृत संरचना

नेपालका अधिकांश राजनीतिक दलहरू अझै पनि केन्द्रीकृत नेतृत्व र सीमित शक्ति समूहबाट सञ्चालन भइरहेका छन् । दलभित्र टिकट वितरण, नेतृत्व चयन तथा नीतिनिर्माण प्रक्रियामा सीमित वर्ग, क्षेत्र र प्रभावशाली समूहको नियन्त्रण कायम रहेको देखिन्छ । २०७९ को निर्वाचनमा प्रत्यक्षतर्फ महिलाहरू, दलित तथा सीमान्तकृत समुदायलाई न्यून टिकट वितरण गरिएको थियो । धेरै दलहरूले समानुपातिक सूचीलाई मात्र समावेशिताको माध्यम बनाएका कारण प्रत्यक्ष निर्वाचन प्रणालीमा समावेशी प्रतिनिधित्व कमजोर रह्यो । यसले समावेशी लोकतन्त्रको मूल मर्ममाथि प्रश्न उठाएको छ ।

## समानुपातिक प्रणालीको दुरुपयोग

समानुपातिक प्रतिनिधित्व प्रणालीको उद्देश्य उत्पीडित र पछाडि पारिएका समुदायलाई राज्यसत्तामा पहुँच दिलाउनु थियो । तर व्यवहारमा राजनीतिक पहुँच, आर्थिक शक्ति र नेतृत्व निकटताका आधारमा समानुपातिक सूचीमा नाम समावेश गर्ने प्रवृत्ति बढेको देखिन्छ । कतिपय अवस्थामा वास्तविक रूपमा

सीमान्तकृत समुदायभन्दा सम्पन्न, शिक्षित र पहुँच भएका व्यक्तिहरूले आरक्षण तथा समावेशी व्यवस्थाको लाभ लिइरहेका छन्। यसले वास्तविक लक्षित वर्ग राज्यको मूल प्रवाहमा पुग्न नसकेको अवस्था सिर्जना गरेको छ।

**महिला प्रतिनिधित्वको सीमित प्रभाव**

संविधानले महिलाको कम्तीमा ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरेको भए पनि व्यवहारमा तोकिएको कोटा बाहेक महिलाहरूको नेतृत्वकारी भूमिकामा कमी देखिन्छ। २०७९ को निर्वाचनमा स्थानीय तहमा प्रमुखभन्दा उपप्रमुख पदमा महिलालाई सीमित गर्ने प्रवृत्ति दोहोरियो। धेरै स्थानमा महिलाहरू निर्णय प्रक्रियामा स्वतन्त्र भूमिका खेल्न नसकी पुरुष नेतृत्वको छायाँमा सीमित रहेको आलोचना गरिएको छ। यसले संख्यात्मक प्रतिनिधित्वलाई मात्र प्राथमिकता दिई गुणात्मक सशक्तीकरणलाई कमजोर बनाएको देखिन्छ।

**दलित तथा सीमान्तकृत समुदायको प्रतीकात्मक सहभागिता**

दलित, मुस्लिम, आदिवासी जनजाति तथा पिछडिएको क्षेत्रका समुदायलाई प्रतिनिधित्व गराइए पनि उनीहरूको सहभागिता धेरैजसो प्रतीकात्मक स्तरमा उपल्लो वर्गमा सीमित भएको पाइन्छ। नीति निर्माण, प्रशासनिक नेतृत्व, आर्थिक स्रोत वितरण तथा राज्यको उच्च संरचनामा उनीहरूको पहुँच अझै न्यून छ। संविधानले अधिकार प्रत्याभूत गरे पनि सामाजिक संरचनागत विभेद, गरिबी, अशिक्षा तथा राजनीतिक पहुँचको अभावले उनीहरूको प्रभावकारी सहभागिता अवरुद्ध गरेको छ।

**चुनावी गठबन्धन राजनीतिले सिर्जना गको समस्या**

२०७९ को निर्वाचनमा दलहरूबीच बनेका चुनावी गठबन्धनहरूले समावेशी प्रतिनिधित्वमा प्रत्यक्ष प्रभाव पारे। सिट बाँडफाँटको क्रममा समावेशी समुदायका उम्मेदवारहरू प्रतिस्पर्धाबाट वञ्चित हुने अवस्था देखियो। गठबन्धनको शक्ति सन्तुलन मिलाउने नाममा महिला, दलित तथा अल्पसंख्यक समुदायका आकांक्षीहरूलाई अवसर नदिइएको आलोचना व्यापक रूपमा भयो। यसले संवैधानिक समावेशिताभन्दा दलगत स्वार्थलाई प्राथमिकता दिएको देखिन्छ।

**सर्वसाधारणमा आर्थिक असमानता र पहुँचको समस्या**

निर्वाचन प्रक्रिया अत्यधिक खर्चिलो बन्दै जाँदा आर्थिक रूपमा कमजोर समुदायका व्यक्तिहरू चुनावी प्रतिस्पर्धामा टिक्न कठिन भएको छ। राजनीतिक दलहरूले पनि आर्थिक योगदान गर्न सक्ने वा प्रभावशाली व्यक्तिलाई प्राथमिकता दिने गरेका छन्। यसले गरीब, श्रमिक, दलित तथा सीमान्तकृत समुदायको प्रतिनिधित्वलाई सीमित बनाएको छ। समावेशी लोकतन्त्रमा आर्थिक न्यायको प्रश्न अझै चुनौतीका रूपमा रहेको छ।

**कमजोर सामाजिक चेतना र संरचनागत विभेद कायम हुनु**

नेपालको सामाजिक संरचना अझै पनि जातीय, लैङ्गिक तथा वर्गीय विभेदबाट पूर्ण रूपमा मुक्त हुन सकेको छैन। संविधानले समानताको अधिकार सुनिश्चित गरे पनि व्यवहारमा छुवाछूत, लैङ्गिक विभेद, सांस्कृतिक बहिष्करण तथा क्षेत्रीय असमानता कायम छ। सामाजिक मानसिकतामा परिवर्तन नआएसम्म समावेशी लोकतन्त्रको व्यवहारिक सफलता कठिन हुने देखिन्छ।

### संघीयताको प्रभावकारी कार्यान्वयन नहुनु

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाले स्थानीय तहसम्म प्रतिनिधित्व विस्तार गरेको भए पनि अधिकार, स्रोत र क्षमता हस्तान्तरणमा अझै समस्या छ। स्थानीय सरकारहरूमा समावेशी प्रतिनिधित्व भए पनि प्रशासनिक संरचना, बजेट तथा निर्णय प्रक्रियामा केन्द्रीय प्रभाव कायम रहेको देखिन्छ। यसले स्थानीय स्तरमा समावेशी शासनको प्रभावकारिता कमजोर बनाएको छ।

### २०८२ सम्म देखिएका समसामयिक चुनौतीहरू

२०८२ सम्म आइपुग्दा संविधान कार्यान्वयनसँग सम्बन्धित केही गम्भीर प्रश्नहरू उठिरहेका छन्। समावेशी प्रतिनिधित्वको संवैधानिक व्यवस्था भए पनि राजनीतिक नेतृत्वमा पुरानै शक्ति संरचनाको प्रभुत्व कायम रहनु, युवाहरूको विदेश पलायन बढ्नु, सीमान्तकृत समुदायको आर्थिक अवस्था कमजोर रहनु तथा राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्रको अभाव हुनु प्रमुख चुनौती बनेका छन्। साथै समावेशी लोकतन्त्रलाई योग्यता विरोधी व्यवस्थाका रूपमा व्याख्या गर्ने प्रवृत्तिले पनि सामाजिक ध्रुवीकरण बढाउने खतरा देखिएको छ।

## उपलब्धि, निष्कर्ष र सुझाव

### उपलब्धि

नेपालको संविधान २०७२ ले समावेशी लोकतन्त्रलाई राज्य संरचनाको आधारभूत सिद्धान्तका रूपमा आत्मसात गरेपछि राजनीतिक तथा प्रशासनिक क्षेत्रमा उल्लेखनीय परिवर्तनहरू देखा परेका छन्। विशेषतः स्थानीय, प्रदेश तथा संघीय तहमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, अल्पसंख्यक तथा पिछडिएका समुदायहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने संवैधानिक व्यवस्थाले राज्यसत्तामा पहुँच विस्तार गरेको छ। यसले विगतमा राज्य संरचनाबाट बहिष्कृत समुदायहरूलाई मूल प्रवाहमा ल्याउने ऐतिहासिक अवसर प्रदान गरेको छ।

स्थानीय तहमा प्रमुख-उपप्रमुखमध्ये एक महिला अनिवार्य हुने व्यवस्था, प्रत्येक वडामा महिला तथा दलित महिला सदस्यको अनिवार्य प्रतिनिधित्व, संघीय संसद तथा प्रदेशसभामा समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था, तथा संवैधानिक आयोगहरूमा विविध समुदायको सहभागिताले नेपालको लोकतान्त्रिक अभ्यासलाई सहभागितामूलक बनाएको छ। विशेषतः महिलाको न्यूनतम ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिनु दक्षिण एशियाली सन्दर्भमा प्रगतिशील उपलब्धिका रूपमा लिन सकिन्छ। यसले राजनीतिक क्षेत्रमा महिलाको उपस्थिति मात्र होइन, सार्वजनिक निर्णय प्रक्रियामा उनीहरूको सहभागिता पनि बढाएको छ। त्यसैगरी संविधानले अंश र वंशमा महिलाको अधिकार सुनिश्चित गरी लैङ्गिक समानताको आधार निर्माण गरेको छ। दलित, आदिवासी जनजाति तथा सीमान्तकृत समुदायका व्यक्तिहरू स्थानीय सरकार, प्रदेशसभा तथा संघीय संसदसम्म पुग्न सफल भएका छन्। यसले राज्यप्रति अपनत्वको भावना अभिवृद्धि गर्नुका साथै लोकतन्त्रप्रति नागरिक विश्वास बलियो बनाएको छ। राजनीतिक प्रतिनिधित्वको विस्तारले सामाजिक चेतना, अधिकारमुखी सोच तथा नेतृत्व विकासमा समेत सकारात्मक प्रभाव पारेको देखिन्छ।

अन्तर्राष्ट्रिय दृष्टिकोणबाट हेर्दा नेपालले बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजमा समावेशी लोकतन्त्रको संवैधानिक अभ्यास गरी सहभागितात्मक सरकार र समावेशी राष्ट्र निर्माण प्रक्रियालाई संस्थागत

गर्ने प्रयास गरेको देखिन्छ। संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय श्रम संगठन तथा मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय अभिसन्धिहरूले जोड दिएको समान सहभागिता, सामाजिक न्याय तथा समावेशिताका मान्यतासँग नेपालको संवैधानिक संरचना धेरै हदसम्म मेल खान्छ।

**निष्कर्ष**

समावेशी लोकतन्त्र आधुनिक लोकतान्त्रिक शासन व्यवस्थाको उन्नत र रूपान्तरित स्वरूप हो। यसले केवल निर्वाचनमार्फत सरकार गठन गर्ने प्रक्रियालाई मात्र लोकतन्त्रको आधार मान्दैन, बरु राज्यका सबै संरचनामा विविध वर्ग, जाति, क्षेत्र, भाषा, लिङ्ग तथा समुदायको अर्थपूर्ण सहभागितालाई लोकतन्त्रको मूल आत्माका रूपमा ग्रहण गर्दछ। नेपालको संविधान २०७२ ले यही अवधारणालाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई समावेशी, समानुपातिक र सहभागितामूलक आधारमा संस्थागत गर्ने प्रयास गरेको छ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषताले सम्पन्न राष्ट्र हो। ऐतिहासिक रूपमा राज्य संरचनामा केही सीमित वर्गको प्रभुत्व रहँदा दलित, जनजाति, मधेसी, महिला, मुस्लिम तथा पिछडिएका समुदायहरू राजनीतिक, प्रशासनिक तथा आर्थिक अवसरबाट वञ्चित हुँदै आएका थिए। २०६२र६३ को जनआन्दोलन तथा त्यसपछिको संवैधानिक विकासक्रमले राज्य पुनर्संरचनाको आवश्यकता महसुस गरायो। त्यसैको परिणामस्वरूप समावेशी लोकतन्त्र नेपालको संविधानको मूल आधार बन्न पुग्यो।

संविधानले समानुपातिक प्रतिनिधित्व, आरक्षण, सकारात्मक विभेद, सामाजिक न्याय तथा सशक्तीकरणका माध्यमबाट राज्यका सबै संरचनामा समावेशी सहभागिता सुनिश्चित गर्ने प्रयास गरेको छ। यसले राज्यसत्तामा पहुँच विस्तार गर्दै सीमान्तकृत समुदायलाई राजनीतिक मूल प्रवाहमा ल्याउने आधार निर्माण गरेको छ। स्थानीय तहदेखि संघीय संसदसम्म महिला तथा विभिन्न समुदायको सहभागिता बढ्नु लोकतान्त्रिक अभ्यासको महत्वपूर्ण उपलब्धि हो। तर व्यवहारिक कार्यान्वयनमा अझै पनि अनेक चुनौतीहरू विद्यमान छन्। समावेशिताको लाभ वास्तविक लक्षित वर्गसम्म पूर्ण रूपमा पुग्न नसक्नु, राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्रको कमी, आर्थिक तथा सामाजिक असमानता, पहुँच र शक्ति केन्द्रित राजनीति, तथा गठबन्धन संस्कृतिले समावेशी प्रतिनिधित्वलाई कमजोर बनाएको देखिन्छ। कतिपय अवस्थामा समावेशिता केवल संख्यात्मक प्रतिनिधित्वमा सीमित भई गुणात्मक सहभागिता सुनिश्चित हुन सकेको छैन। वास्तविक रूपमा उत्पीडित समुदायभन्दा पहुँचयुक्त तथा सम्पन्न वर्गले आरक्षण र समानुपातिक व्यवस्थाको लाभ लिइरहेको आलोचना पनि व्यापक रूपमा उठेको छ।

अन्तर्राष्ट्रिय मान्यताअनुसार समावेशी लोकतन्त्रको सफलता केवल प्रतिनिधित्वको सङ्ख्याले मापन हुँदैन, निर्णय प्रक्रियामा प्रभावकारी सहभागिता, स्रोतमा पहुँच, सामाजिक न्याय, समान अवसर तथा संरचनागत रूपान्तरण यसको आधारभूत मापदण्ड हुन्। त्यसैले नेपालमा समावेशी लोकतन्त्रलाई दीर्घकालीन रूपमा सफल बनाउन सामाजिक चेतना, आर्थिक न्याय, सुशासन तथा संस्थागत पारदर्शितासँग जोड्न आवश्यक देखिन्छ। यसरी हेर्दा नेपालको समावेशी लोकतन्त्र संक्रमणकालीन रूपान्तरणको प्रक्रियामा रहेको देखिन्छ। संविधानले समतामूलक, न्यायपूर्ण तथा सहभागितामूलक राज्य निर्माणको स्पष्ट मार्गनिर्देशन गरे पनि यसको प्रभावकारी कार्यान्वयनका लागि राजनीतिक इच्छाशक्ति, संस्थागत सुधार तथा सामाजिक रूपान्तरण अपरिहार्य छन्। समावेशितालाई जातीय वा प्रतीकात्मक प्रतिनिधित्वमा सीमित नगरी वास्तविक सामाजिक परिवर्तन,

वर्गीय उत्थान तथा नागरिक सशक्तीकरणसँग जोड्न सके मात्र संविधानले परिकल्पना गरेको समाजवादउन्मुख समृद्ध राष्ट्र निर्माण सम्भव हुनेछ।

**सुझाव**

नेपालमा समावेशी लोकतन्त्रको प्रभावकारी कार्यान्वयनका लागि संवैधानिक व्यवस्था मात्र पर्याप्त हुँदैन । यसको सफलताका लागि व्यवहारिक, संस्थागत तथा नीतिगत सुधार आवश्यक हुन्छ। वर्तमान अवस्थामा देखिएका चुनौतीहरूलाई समाधान गर्न निम्न सुझावहरू महत्वपूर्ण देखिन्छन्-

**लक्षित वर्गसम्म समावेशिताकोअर्थपूर्ण पहुँच सुनिश्चित गर्ने**

समानुपातिक तथा आरक्षण व्यवस्थाको लाभ वास्तविक रूपमा सीमान्तकृत, उत्पीडित, दलित, महिला तथा पिछडिएका समुदायसम्म पुऱ्याउन स्पष्ट मापदण्ड निर्माण गर्न आवश्यक छ। राजनीतिक पहुँच वा आर्थिक प्रभावका आधारमा सीमित व्यक्तिहरूले बारम्बार लाभ लिने प्रवृत्तिलाई नियन्त्रण गरिनुपर्छ।

**राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र सुदृढ गर्ने**

समावेशी लोकतन्त्रको सफलताका लागि राजनीतिक दलहरू स्वयं समावेशी हुन आवश्यक छ। टिकट वितरण, नेतृत्व चयन तथा निर्णय प्रक्रियामा महिला, दलित, जनजाति तथा अल्पसंख्यक समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्छ। दलगत संरचनामा पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्नु आवश्यक छ।

**प्रत्यक्ष निर्वाचन प्रणालीमा समावेशिता विस्तार गर्ने**

हाल समावेशिताको मुख्य भार समानुपातिक प्रणालीमा केन्द्रित छ। प्रत्यक्ष निर्वाचनतर्फ पनि महिला, दलित तथा सीमान्तकृत समुदायको उम्मेदवारीलाई अनिवार्य वा प्रोत्साहनमूलक व्यवस्था गरिनु आवश्यक छ। यसले नेतृत्व विकासलाई संस्थागत गर्न सहयोग पुऱ्याउँछ।

**स्वास्थ्य, शैक्षिक चेतना र नेतृत्व विकासमा ध्यान केन्द्रित गर्ने**

समावेशी लोकतन्त्रको दीर्घकालीन सफलताका लागि राजनीतिक प्रतिनिधित्व मात्र पर्याप्त हुँदैन। सीमान्तकृत समुदायमा शिक्षा, राजनीतिक चेतना, नेतृत्व क्षमता तथा आर्थिक सशक्तीकरण अभिवृद्धि गर्न राज्यले विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ।

**सुशासन र भ्रष्टाचार नियन्त्रणमा जोड दिनुपर्ने**

समावेशी लोकतन्त्रलाई प्रभावकारी बनाउन सुशासन अपरिहार्य छ। बिचौलिया संस्कृति, आर्थिक चलखेल तथा राजनीतिक संरक्षणवाद अन्त्य गरी पारदर्शी र उत्तरदायी शासन प्रणाली विकास गर्न आवश्यक छ। समावेशी नीतिको कार्यान्वयनमा स्वतन्त्र अनुगमन संयन्त्र निर्माण गरिनुपर्छ।

**समावेशितालाई सामाजिक रूपान्तरणसँग जोड्नु पर्ने**

समावेशितालाई केवल पद वा प्रतिनिधित्व प्राप्तिको माध्यम नबनाई सामाजिक न्याय, आर्थिक समानता तथा संरचनागत परिवर्तनसँग जोड्न आवश्यक छ। जातीय विभेद, लैङ्गिक असमानता तथा सामाजिक बहिष्करण अन्त्य गर्ने दीर्घकालीन नीति अवलम्बन गरिनुपर्छ।

**संघीय संरचनालाई प्रभावकारी बनाउने**

स्थानीय तथा प्रदेश सरकारलाई अधिकार, स्रोत र क्षमता हस्तान्तरण गरी समावेशी शासनको अभ्यासलाई बलियो बनाउनुपर्छ। स्थानीय स्तरमै समावेशी नेतृत्व विकास गर्न सकिए लोकतन्त्रको आधार अझ मजबुत हुनेछ। अन्ततः, समावेशी लोकतन्त्र नेपालको संवैधानिक उपलब्धि मात्र नभई सामाजिक रूपान्तरणको ऐतिहासिक परियोजना हो। यसको सफलता राज्य, राजनीतिक दल, नागरिक समाज तथा आम जनताको साझा प्रतिबद्धतामा निर्भर गर्दछ। संविधानको मर्मअनुसार समावेशितालाई व्यवहारमा रूपान्तरण गर्न

सके मात्र लोकतान्त्रिक गणतन्त्र नेपालको समृद्धि, सामाजिक न्याय र दिगो विकासको लक्ष्य हासिल गर्न सम्भव हुनेछ।

**Ethical approval for the research:** Not applicable

Consent for publication: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically

## सन्दर्भसामग्री सूची

आशीर्वादम्, ए. डी. (सन् १९७०), *राजनीतिशास्त्र,* अपर इन्डिया पब्लिशिङ हाउस प्रा.लि.।

एन्टोन, एम. (सन् २०१७), द फ्युचर अफ लिबरल डेमोक्रेसी, *जर्नल अफ पोलिटिकल साइन्स एण्ड पब्लिक अफेयर्स,* ५(२), पृ. १–५।

कपुर, अनुपचन्द्र (सन् १९८८), *राजनीति विज्ञानका सिद्धान्त,* एस. चन्द्र एण्ड कम्पनी प्रा.लि.।

डाहल, रबर्ट एलन (सन् १९९८), *प्रजातन्त्रका बारेमा,* नेपाल क्रियसन मिडिया प्रा.लि.।

दाहाल, रामकुमार (२०५२), *राजनीतिशास्त्रको सिद्धान्त,* रत्न पुस्तक भण्डार।

श्री ५ को सरकार कानून तथा न्याय मन्त्रालय (२०१९), *नेपाल अधिराज्यको संविधान, २०१९,* श्री ५ को सरकार कानून तथा न्याय मन्त्रालय, कानून किताब व्यवस्था समिति।

नेपाल, सरकार (२०४७), *नेपाल अधिराज्यको संविधान, २०४७,* नेपाल राजपत्र, भाग २, खण्ड ४०, अतिरिक्ताङ्क ३७।

नेपाल, सरकार (२०७२), *नेपालको संविधान, २०७२,* नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति।

नेपाल सरकार(२०६३), *अन्तरिम संविधान, २०६३,* श्री चण्डेश्वरी प्रकाशन प्रा.लि.।

पन्थ, प्रकाश (२०६९), समावेशी लोकतन्त्र र विकास, *नयाँ पत्रिका*।

पोखरेल, कृष्ण (२०५६), *राजनीतिशास्त्रको सिद्धान्त,* एम. के. पब्लिसर एण्ड डिस्टिब्युटर।

फ्रोलोभ, आई. टी. (अनु. सन् १९८८), *दर्शनकोष,* प्रगति प्रकाशन।

फ्रेक, एच. (सन् २०१०), *भाइटल डेमोक्रेसी: अ थेयोरी अफ डेमोक्रेसी इन एक्सन,* अक्सफोर्ड युनिभर्सिटी प्रेस।

ब्राइस, केमिथ (सन् १९७०), *डेमोक्रेसी इन वेस्टर्न सोसाइटी,* द वर्ल्ड प्रेस प्रा.लि.।

ब्राइस, जेम्स (सन् १९६२), *मोडर्न डेमोक्रेसी,* वर्ल्ड प्रेस प्रा.लि.।

बराल, लोकराज (२०६२ पुस २५), *बासी प्रजातन्त्र र भावी लोकतन्त्र,* कान्तिपुर दैनिक, ।

भट्टचन, कृष्णबहादुर (सन् २००४), समावेशी प्रजातन्त्रका सम्भावित मोडेल र प्रक्रिया, मोहन मैनाली (सम्पा.), *समावेशी लोकतन्त्रका आधारहरू,* हिमाल एसोसिएसन।

मार्क्स, कार्ल, र एंगेल्स, फ्रेडरिक (सन् १९६९), *सेलेक्टेड वर्क्स इन थ्री भोल्युम्स (भोल्युम* १), प्रोग्रेस पब्लिशर्स।

मार्क्स, कार्ल, र एंगेल्स, फ्रेडरिक (सन् १९७६), *कलेक्टेड वर्क्स (भोल्युम ५),* प्रोग्रेस पब्लिशर्स।

मिश्र, चैतन्य (सन् २००४), *पूँजीवादः नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* हिमाल एसोसिएसन।

रेग्मी, कृष्णप्रसाद (२०४८), *नेपाल अधिराज्यको संविधान २०४७: संक्षिप्त अध्ययन,* संजय राज रेग्मी।

लावती, महेन्द्र (सन् २००४), समावेशी प्रजातन्त्रका लागि राजनीतिक संस्थाहरू, मोहन मैनाली (सम्पा.), *समावेशी लोकतन्त्रका आधारहरू,* हिमाल एसोसिएसन।

विथम, डेभिड, र बांयले, केविन (सन् १९९७), देशराज गोयल, (अनु.), *लोकतन्त्र,* युनेस्को पब्लिसिङ तथा नेशनल बुक ट्रस्ट।

हन्टिङटन, सेमुएल पी. (सन् १९९१), *डेमोक्रेसीः तेस्रो लहर,* ओक्लाहोमा युनिभर्सिटी प्रेस।

## About the Author

Mr. Govinda Gautam is assistant professor of political science. Currecntly he is affiliated with Dhawalagiri Multiple Campus, Tribhuvan University.